# धनगढीमा रगत अभाव, रक्तदान गर्न रेडक्रसको अपिल




**भोजराज रोस्यारा/हिटा**

धनगढी, १५ असार

सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी रहेको धनगढीमा रगतको अभाव बढेको छ । चर्को गर्मी र खेतीपातीको सिजनमा रक्तदाता घटेपछि रगतको अभाव भएको हो । बिरामीका लागि रगत खोज्न आफन्तले हैरानी बेहोर्नु परिरहेको छ । तुलनात्मक रूपमा सुविधासम्पन्न अस्पताल रहेको धनगढीमा पहाडी जिल्लाबाट समेत उपचारका लागि बिरामीहरू आउने गरेका छन् ।

नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित प्रादेशिक रक्तसञ्चार सेवा केन्द्र धनगढीमा रगतको मौज्दात घट्दो छ । बिरामीका लागि आवश्यक परेका बेला तत्कालै रगत पाउने अवस्था छैन । गर्मीयाम सुरु भएसँगै रगत आपूर्तिमा समस्या देखिएको प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र धनगढीका प्रमुख धरणीधर पन्तले बताउनुभयो । 'गर्मीको सिजनमा रगत दिने मान्छे घटे । रक्तदान कार्यक्रमहरू पनि कम हुन थालेका छन्,' पन्तले भन्नुभयो, 'ग्रामीण क्षेत्रका बासिन्दा खेतीपातीमा व्यस्त भएकाले पनि रगतको अभाव देखिएको हो ।' हरेक वर्ष गर्मीयाममा रगत अभावको समस्या देखिने गरे पनि यो वर्ष अरु वर्षभन्दा बढी देखिएको उहाँले बताउनुभयो ।

रगत आपूर्तिको सबैभन्दा भरपर्दो स्रोत स्वयंसेवी रक्तदाता भएको तर गर्मी सिजनमा रक्तदाताको संख्या घटेको रक्त सञ्चार केन्द्रले जनाएको छ । 'कतिपय समूहको रगत बिरामीका आफन्तले चाहेको बेला पाउने अवस्था छैन, हामीले रक्तदाता खोजेर भए पनि दिने प्रयास गर्छौं,' रक्त सञ्चार केन्द्रका प्रमुख पन्तले भन्नुभयो, 'त्यस्तो अवस्थामा रगत पाउन केही समय ढिलो हुन्छ ।'

समयमै रगत नपाउँदा कतिपय शल्यक्रियासमेत प्रभावित भइरहेका बताइएको छ । रक्त सञ्चार केन्द्रबाट दैनिक ५० देखि ६० युनिट रगत खपत हुँदै आएको छ । रक्तदाता भने दैनिक न्यूनतम १० देखि अधिकतम् २५ जना पुग्ने गरेका केन्द्रले जनाएको छ । केही रगत रक्तदान कार्यक्रमहरूमार्फत् संकलन हुन्छ ।

नेपाल रेडक्रस सोसाइटी कैलालीले रगत अभावको समस्या बढ्दै गएकाले रक्त सञ्चार केन्द्रमा आएर रक्तदान गर्न वा रक्तदान कार्यक्रमहरू सञ्चालन गरी सहज आपूर्तिमा सहयोग गर्न सार्वजनिक अपिल गरेको छ । रेडक्रस कैलालीका सभापति वासुदेव बिनाडीले प्रेस विज्ञप्ति जारी गर्दै रगत आपूर्तिमा अहिले कठिनाइ भइरहेकाले रक्तदान गरेर जीवन दान दिन आग्रह गर्नुभएको छ ।

बिरामीको संख्या बढ्दै जाँदा रगतको माग पनि दैनिक बढ्दै गएको तर रक्तदान कम हुँदा आपूर्तिमा समस्या भइरहेको रेडक्रसले जनाएको छ । धनगढीका अस्पतालहरूमा बिरामीको चाप बढी हुने भएकाले रगतको खपत पनि यहाँ बढी हुने गरेको छ ।

## रक्सीको लतबाट छुटेकाको अनुभव

# 'परिवारबाटै अपहेलित भएपछि रक्सी छोडेँ'



**रामचन्द्र रायमाझी/हिटा**

पाल्पा, १५ असार

कुलतमा फसेकाहरू पुन: राम्रो बनेका कमै उदाहरणहरू नेपाली समाजमा भेटिन्छन् । लागूऔषध दुर्व्यसनीमा फसेका अधिकांशहरूले आफ्नो स्वास्थ्य र सम्पत्तिमात्र सिध्याउँदैनन् उनीहरूले परिवारको बिचल्लीसमेत बनाएर छोडेका धेरै घटनाहरू समाजमा विद्यमान छन् । केही अपवादका रूपमा भने कुलतमा फसेर बिग्रिएकाहरू राम्रो बनेका पनि छन् । यस्तैमध्ये एक हुनुहुन्छ पाल्पाको बगनासकाली गाउँपालिका घोरबन्दका प्रेमबहादुर कुमाल (प्रेम ठेकदार) ।

लामो समय रक्सीको लतमा फस्नुभएका उहाँ अहिले एक असल व्यक्तिका रूपमा पहिचान बनाउन सफल हुनुभएको छ । घरमा आमाबुबाले रक्सी खाने गरेका कारण खान सिक्नुभएका कुमाल छोड्नै नसक्ने गरी लतमा फस्नुभएको थियो । अन्तत: उहाँले रक्सीका कारण स्वास्थ्य समस्या र परिवार, समाजबाटै अपहेलित जीवन बिताउनुपर्ने स्थितिमा पुगेपछि लत नै छोड्नुभएको हो । अहिले उहाँले परिवार, समाजबाट मायामात्र पाउनुभएको छैन, दुर्व्यसनीमा फसेकाहरूलाई परामर्शसमेत दिँदै आउनुभएको छ ।

रक्सीको लतबाट छुट्नुभएका कुमालले लागूऔषध दुरूपयोग तथा ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा जिल्ला सुरक्षा समिति र जिल्ला प्रहरी कार्यालय पाल्पाले संयुक्त रूपमा आयोजना गरेको र्‍याली तथा प्रभातफेरी कार्यक्रमको समापनमा आफ्ना अनुभव सुनाउँदै लामो समयपछि रक्सीको लतबाट छुट्कारा पाएको बताउनुभयो । उहाँले आमाबुबाबाटै रक्सी खान सिकेको उल्लेख गर्नुभयो । कुमालले भन्नुभयो, 'आमाबुबालाई रक्सी लिन जाँदाजाँदै मैले पनि खान सिकेँ, गर्दा गर्दै म लामो समय नै रक्सीको लतमा फसेँ, रक्सी खाँदा श्रीमती, छोराछोरी र समाजबाट अपहेलित र उपेक्षित भएँ । त्यतिमात्र होइन मलाई टिभी रोग पनि देखियो । रोग देखिँदा पनि मैले रक्सी खान छाडिनँ । तर, मेरो स्वास्थ्य अवस्था अत्यन्त नाजुक हुँदै गयो । मैले सोचेँ अब म बाँच्नु छ र छोराछोरीहरूका लागि के गर्नु छ भने रक्सी खान छोड्नुपर्छ । मेरा कारण छोराछोरी र श्रीमतीले दु:ख पाउने भए भनेर भित्रैदेखि आत्मबल बढाएर खान छोडिदिएको हुँ ।'

उहाँले भित्रैदेखि आत्मबल बढाएमा रक्सी छोड्न सकिने बताउनुभयो । कुमालले रक्सी भनेको विनाशकारी रोग भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'रक्सी खानेहरूमा आफूबाहेक अरू कसैको चासो हुँदैन । छोराछोरीहरूलाई किताब, कापी किन्न, श्रीमतीलाई धोती किन्नसमेत पैसा हुँदैन तर आफूलाई रक्सी खान जसरी पनि पैसा हुन्छ ।' रक्सीले स्वास्थ्यमा मात्रै असर गर्दैन सम्पत्ति र भएको इज्जतसमेत सकिने कुमालले बताउनुभयो । उहाँले अहिले विद्यार्थीहरू लागूपदार्थको लतमा फसेकाले त्यसतर्फ नलाग्न आग्रह गर्नुभयो । २४सै घण्टा रक्सी खाएर सम्पत्ति सकेको र सन्तानबाट अपहेलित भएका कुमालले अहिले रक्सी खान छोडेर घोरबन्दमा हिमचुली बंगुर फर्म खोलेर वार्षिक १६ लाख आम्दानी गर्दै आउनुभएको छ । उहाँले त्यही आम्दानीबाट अहिले छोराछोरीलाई राम्रैसँग पढाएको बताउनुभयो । कुमालले अहिले रक्सी छोडेर व्यावसायिक बंगुर पालनमात्र गर्नुहुन्न नयाँ सुरुवात नेपाल भन्ने संस्थामा आबद्ध भएर कुलतमा फसेकाहरूलाई परामर्श दिने कामसमेत गर्दै आउनुभएको छ । उहाँले सुरु-सुरुमा रक्सी छोड्दा आफूलाई निकै गाह्रो भए पनि पछि सहज हुँदै गएकाले कुलतमा फसेकाहरूलाई छोड्न आग्रहसमेत गर्नुभयो । कुमालले लागूपदार्थले कसैलाई पनि राम्रो नहुने भएकाले अहिलेदेखि नै त्यसबाट टाढा रहन विद्यार्थीहरूलाई अनुरोध पनि गर्नुभयो ।

# रैथाने बालीबाट आत्मनिर्भर बन्दै किसान



रैथाने बाली गोड्दै जुम्ला पातारासी-४ डोलकाटीका महिला किसान ।

**नन्दराम जैशी/हिटा**

सुर्खेत, १५ असार

पातारासी गाउँपालिका-४ डोलकाटी जुम्लाकी कृषक तारादेवी बुढा उमेरले ३६ वर्षीया हुनुभयो । दुई छोराछोरीको पालनपोषणसहित तारादेवीले गाउँमा रैथाने बालीको खेती गर्दै आउनुभएको छ । हाल तारादेवीका श्रीमान् वैदेशिक रोजगारीका लागि मलेसियामा हुनुहुन्छ । तर, तारादेवीलाई घरखर्च सञ्चालनका लागि श्रीमान्को मुख ताक्नुपरेको छैन । पहिले साबुन किन्ने पैसाका लागि पनि उहाँलाई श्रीमान्को मुख ताक्नुपर्ने बाध्यता थियो । त्यही पीडाले उहाँले श्रीमान्लाई धन कमाउन परदेश पठाउनुपर्ने बाध्यता आयो ।

तर, अहिले तारादेवीलाई घरखर्च र छोराछोरीको पढाइ खर्च जुटाउन कुनै समस्या छैन । उहाँले गाउँमा कोदो, फापर, चिनो, कागुनो, सिमीलगायतका रैथाने बाली र आलु, स्याउलगायत तरकारी तथा फलफूल उत्पादनबाट वार्षिक तीन लाख बढी रकम कमाउनुहुन्छ । त्यही रकमबाट घरखर्च सहजै चल्न थालेपछि तारादेवी अब श्रीमान्लाई समेत वैदेशिक रोजगारीबाट फिर्ता बोलाउने तयारीमा हुनुहुन्छ । 'परदेशमा पसिना बगाइरहनुभएका श्रीमान्लाई फिर्ता बोलाएकी छु, बरु दुवैजना मिलेर गाउँमै दु:ख गर्छौं,' उहाँले भन्नुभयो, 'गाउँमै दु:ख गरेर रैथाने बाली उत्पादन गर्दा लाखौं कमाइ हुन्छ, आफ्नै माटोमा पसिना बगाउँदा सुख र सन्तुष्टि दुवै मिल्ने रहेछ ।'

तारादेवीजस्तै डोलकाटी गाउँका २५ घरधुरीका स्थानीय कृषकले परम्परागत रूपमा खेती गरी संरक्षण गर्दै आएको रैथाने बाली उत्पादन गरिरहेका छन् । सबै महिला जागरण फलफूल तथा तरकारी उत्पादन कृषि समूहमा आबद्ध छन् । व्यक्तिगत र सामूहिक रूपमा खेती गरेको दुवै रैथाने बाली फस्टाउँदै गएपछि डोलकाटी गाउँका किसान खाद्यान्न तथा आर्थिक रूपमा पनि आत्मनिर्भर बन्न थालेका छन् । 'केही वर्षयता रैथाने बालीको खेती नै छाडेका थियौं तर अहिले रैथाने बालीको खेती नगर्ने कोही छैन,' कृषक उषा बुढाले भन्नुभयो, 'हाल गाउँका घरेक घरधुरीले रैथाने अन्न, दाल, तरकारी र फलफूल बेचेर बर्सेनि लाखौं रकम कमाउँछन् ।'

रैथाने बालीको संरक्षण र उत्पादनमा संघीय सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयको कृषि क्षेत्र विकास कार्यक्रमको सहयोगबाट गाउँमा सिँचाइ कुलो निर्माण भएपछि सहज भएको छ । यस्तै, कुटानी पिसानी मिल दिएपछि महिलाको कार्यबोझ घटेको कृषक उषा बुढाको भनाइ छ ।

पहिलेको तुलनामा अहिले सिँचाइ सुविधा राम्रो भएपछि जुम्लामा कोदो, फापर, जौ, उवा, चिनो, कागुनो, लट्टे, मार्सीलगायत रैथाने बाली र तरकारी तथा फलफूल खेती फस्टाउँदै गएको छ । जुम्लाकै गुठीचौर गाउँपालिका-४ धवलपुरका किसानले पनि हराउँदै गएको रैथाने बालीको खेती फेरि सुरु गरेका छन् । गाउँका २५ घरधुरीले बेरोजगार कृषि समूह गठन गरी छोड्न थालेको रैथाने खेतीलाई व्यावसायिक बनाउन थालेका हुन् ।

समूहका अध्यक्ष तथा कृषक धर्मदत्त देवकोटाका अनुसार पाँच रोपनी जग्गामा सामूहिक खेती गरिरहेको छ । हरेक कृषकले १० रोपनी बढी जग्गामा व्यक्तिगत खेती गर्दै आएका छन् । 'गत वर्ष मैले मात्रै सिमी, फापरलगायत १० क्विन्टल रैथाने बाली काठमाडौं ल्याएर बिक्री गरेँ,' उहाँले भन्नुभयो, 'समूहमा आबद्ध सबै कृषकले वर्षेनी लाखौंको कारोबार गर्छन्, उत्पादन मात्रै गर्न सक्नुपर्‍यो बिक्री गर्न चिन्ता छैन, व्यापारीहरू घरमै आइपुग्छन् ।'

अर्का कृषक कृष्णराज न्यौपानेले गाउँमा एएसडिपी कार्यक्रम लागू भएपछि रैथाने बाली उत्पादन बढेको तर्क गर्नुभयो । 'परम्परागत रूपमा खेती गर्दा उत्पादन कम हुन्थ्यो,' उहाँले भन्नुभयो, 'तर एएसडिपी कार्यक्रम लागू भएपछि उन्नत खेती प्रविधिबारे ज्ञान सीप पाइयो, त्यसैले उत्पादन पनि बढेको छ ।' उहाँका अनुसार यो कार्यक्रमबाट ४९० मिटर सिँचाइ कुलो निर्माण हुँदा तीन सय बढी कृषक लाभान्वित भएका छन् । प्रत्येक किसानले प्लटिङ खेती सुरु गरेका छन् । पहिले एकै ठाउँमा सबै बाली लगाउने चलन थियो ।

यता कृषि विकास कार्यालय जुम्लाका प्रमुख तथा कृषि विज्ञ बालकराम देवकोटाका अनुसार कृषकहरूले उत्पादन गरेको अन्नबाली बिक्री गर्न कुनै समस्या छैन । 'बजार माग उच्च छ तर मागअनुसार उत्पादन हुन सकेको छैन, हामी उत्पादन बढाउने प्रयासमा छौं,' उहाँले भन्नुभयो, 'रैथाने बाली संरक्षण र प्रवर्द्धनका लागि सबै निकायबाट भएका प्रयास सकारात्मक छन्, यसले किसानलाई प्रत्यक्ष फाइदा दिएको छ ।' उहाँका अनुसार वार्षिक करोडौंको रैथाने अन्नबाली सुर्खेत, नेपालगञ्ज, काठमाडौंलगायत देश तथा विदेश निर्यात हुने गरेको छ ।

### अन्न बेचेर मनग्य आम्दानी

मुगुको छायाँनाथ रारा नगरपालिका-८, ढोटु गाउँका स्थानीयले रैथाने अन्नबाली बेचेर मनग्य आम्दागी गर्न थालेका छन् । यो गाउँमा रैथाने अन्न नबेच्ने कोही पनि छैन । हरेक घरधुरीले वार्षिक ५० हजार बढीको रैथाने अन्न बेच्ने गर्दछन् । महिला किसान समूहमा आबद्ध ढोटुका २६ घरधुरीले रैथाने अन्नबाली बेचेर जीविका चलाउने गरेका छन् । ४० वर्षीय कृषक रामदेवी रावलका अनुसार गाउँमा पहिले गुजारा गर्ने तरिकाले सामान्य तरकारी खेती गरिन्थ्यो । तर, अहिले फापर, कोदो, जौ र सिमी लगाएर बाली उत्पादनबाट मनग्य आम्दानी हुन थालेको छ ।

उहाँले भन्नुभयो, 'रैथाने बाली लगाएपछि उत्पादन पनि ह्वात्तै बढेको छ, यस वर्ष मैले पाँच क्विन्टल कोदो, एक क्विन्टल फापर, चार क्विन्टल आलु बिक्री गरेर एक लाख बढी पैसा कमाएँ ।' उहाँले पाँच रोपनी जग्गामा रैथाने बालीमात्रै लगाउने गर्नुभएको छ ।

रैथाने उत्पादन खरिद गर्न व्यापारी बारीमै पुग्ने गरेको सोही ठाउँकी चन्द्रा रावल बताउनुहुन्छ । रैथाने बाली लगाउँदा उत्पादनका साथै आम्दानीमा पनि वृद्धि भएको उहाँको भनाइ छ । 'सबै रैथाने बाली गरी यसपटक करिब १५ क्विन्टल जति उत्पादन भयो,' उहाँले भन्नुभयो, 'साउनमा फापर, भदौमा कोदो, कात्तिक/मंसिरमा जौ र चैतमा आलु र कोदो छर्ने तालिका छ, सोहीअनुसार उत्पादन बेच्छौं ।'

पहिले अलि-अलि उत्पादन गरी खानकै लागि ठिक्क हुने गरे पनि एसएसडिपी कार्यक्रम लागू भएपछि विगत चार वर्षयता बेच्ने गरी उत्पादन गर्ने गरिएको कृषक ईश्वर रावलले बताउनुभयो ।

### बाली संरक्षण र उत्पादनमा जोड

स्वास्थ्यका दृष्टिले पनि निकै पौष्टिकयुक्त मानिने रैथाने बालीको संरक्षण र उत्पादनमा जोड दिन थालिएको छ । विगत चार वर्षदेखि साबिक कर्णाली (जुम्ला, कालीकोट, हुम्ला, मुगु र डोल्पा) मा रैथाने बालीलाई संरक्षित गर्दै उत्पादन बढाउन लागिएको हो ।

पहिले हराउँदै गएको रैथाने बालीको माग बढ्दै जाँदा र सहयोगी निकायले पनि उन्नत जातका बिउ, स्थानीय विषादी, तालिम र सीप प्रदान गरेपछि रैथाने बालीको संरक्षण गर्दै पुन: खेती गर्न थालिएको छ । रैथाने बालीको संरक्षण र उत्पादनमा संघीय सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयको कृषि क्षेत्र विकास कार्यक्रमले सहयोग गर्दै आएको छ ।

जुम्ला, मुगु, डोल्पा, हुम्लामा कोदो, फापर, कागुनो, चिनो, सिमी, जौजस्ता रैथाने बालीको प्रवर्द्धन गरिएको छ । कृषि क्षेत्र विकास कार्यक्रम, कार्यक्रम समन्वय कार्यालय सुर्खेतका अनुसार २०७६ सालदेखि ती जिल्लामा रैथाने बालीको उत्पादन बढाउन संरक्षण, प्रवर्द्धन र उत्पादनमा जोड दिइएको छ ।

सुर्खेत कार्यालयका लैंगिक समानता र सामाजिक समावेशीकरण कार्यक्रम अधिकृत रुद्र आचार्यका अनुसार जुम्ला, मुगु, डोल्पा र हुम्ला जिल्लामा दुई हजार ५८४ कृषक रैथाने बाली उत्पादनमा संलग्न छन् । ती जिल्लाका किसानले विगतमा तीन रोपनीमा लगाउने रैथाने बाली अहिले सात रोपनीमा लगाउन थालेका छन् । रैथाने खेतीसँगै बाँझो जग्गा पनि प्रयोगमा आउन थालेको छ । पहिले प्रतिघर ६५ केजीमात्र उत्पादन हुने गरेकोमा अहिले बढेर ८० केजी उत्पादन हुने गरेको छ ।

यस्तै, रैथाने बाली उत्पादनबाट प्रतिघर डेढ लाखदेखि तीन लाख रुपैयाँसम्म आम्दानी हुन थालेको छ । यस कार्यक्रमले अहिलेसम्म रैथाने बालीका लागि ६ करोड २७ लाख ३६ हजार १६६ रुपैयाँ लगानी गरेको छ । कृषकलाई रोगकिराबारे प्राविधिक ज्ञान, औषधि, जैविक विषादी बनाउने र भण्डारण गर्ने भाँडा, त्रिपाल, आँसी, खुर्पा, वासिङ मेसिनलगायत सामाग्री दिइएको छ ।

समूहमा आबद्ध बनाई उनीहरूको आवश्यकताका आधारमा उन्नत जातका बिउ, मल, तालिम, औजार, वित्तीय शिक्षालगायतको सहयोग गर्ने गरिएको कार्यक्रम अधिकृत रुद्र आचार्य बताउनुहुन्छ । रैथाने बालीका लागि प्रतिकिसान करिब २५ हजार लगानी रहेको छ ।

कार्यक्रमका सञ्चार अधिकृत रत्नबहादुर बुढाले पछिल्लो समय बजारमा माग बढेपछि रैथाने बालीको उत्पादन बढाउन र संरक्षण गर्न कर्णालीका किसान लागिपरेको बताउनुभयो । उहाँका अनुसार रैथाने बालीको उत्पादन बढ्न थालेपछि स्थानीय पालिकाले पनि आआफ्नो पालिकामा रैथाने बाली संरक्षण, उत्पादनमा जोड दिन थालेका छन् । 'आवश्यक ज्ञान, सीप र प्रविधिको प्रयोगले रैथाने बाली उत्पादन बढ्दैछ,' उहाँले भन्नुभयो, 'हरेक किसान आत्मनिर्भर बन्नु भनेको राज्यको अर्थतन्त्रमा पनि टेवा पुग्नु हो ।'

**काठ, दाउरा लिलाम विक्रीको सूचना**

**प्रकाशित मिति : २०८१/०३/१६**

यस सामुदायिक बन उपभोक्ता समूहको बनबाट उत्पादन भई बबई २ सितापुरमा घाटगद्दी गरी राखिएको साल जातको काठ ८८७.३१ क्यू. फि., अन्य जातको काठ २७१.७७ क्यू.फि., साल दाउरा ७.५० चट्टा अन्य दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन बन कार्यालयमा घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ

**श्री तिनतले सामुदायिक बन उपभोक्ता समूह, बबई २ सितापुर दाङ**

**खोरङ्गा हाईड्रोपावर लिमिटेड**

**सूचना**

यस कम्पनीको मिति २०८१/०३/१४ मा बसेको विशेष साधारण सभाले हाल कायम शेयरधनीहरुको लागी १:०.५ को अनुपातमा हकप्रद शेयर दिने निर्णय गरेकोले मिति २०८१/०३/३० सम्म सम्पुर्ण शेयरधनीहरुले आफुले ग्रहण गरेको शेयरको ५० प्रतिशतको दरले हुने रकम यस कम्पनीमा जम्मा गर्नुहुन यसै सुचनाद्वारा जानकारी गराईन्छ । अन्यथा सो अवधि भित्र रकम जम्मा नगर्ने शेयरधनीहरुको शेयर प्रचलित कानुन बमोजिम गरीने व्यहोरा जानकारी गराईन्छ । सो सम्वन्धमा थप जानकारीको लागि शेयरधनीहरुले यस कम्पनीको कार्यालयको फोन नं ०१-५७०५६०८ वा ९८४७६९९६५५ मा सम्पर्क गर्नुहुन अनुरोध गरीन्छ ।

**समृद्धि फाइनान्स कम्पनी लिमिटेड**
**Samriddhi Finance Company Limited**
Samriddhi Finance — Partnership for Prosperity
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
**रजिष्टर्ड केन्द्रिय कार्यालय:** हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

**समृद्धि फाइनान्स कम्पनी लिमिटेडको नाममा रहेको गैह्र बैंकिङ सम्पत्ति लिलाम बिक्रिका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको ७ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति: २०८१/०३/१६**

यस वित्तीय संस्थाको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्यमा खरिद गरिलिने हो सोही मूल्य खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थामा अन्तिम दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३ (तीन) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धीत बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धीत निकायको प्रतिनिधिहरुलाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धीत बोलपत्रदाता र आधिकारिक प्रतिनिधिहरु को अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्न छैन । लिलामी बिक्री कारबाही प्रक्रिया यस वित्तिय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरुले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दै दस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वत: रद्द हुनेछ ।

**तपसिल**

| मालपोत कार्यालय कलंकीमा रहेको का.जि.का.म.न.पा.वडा नं.१४ स्थित कि.नं.२२३,२२२,२२१,८० समेतमा बनेको ओरियन्टल बिल्डर्स एण्ड डेभलपर्स प्रा.लि.को | |
|---|---|
| १. | ब्लक एच पाँचौ तल्लाको १३९४ वर्ग फिटको फ्ल्याट नं. १ |
| २. | ब्लक आई, भुई तलाको ५९७ वर्ग फिटको फ्ल्याट नं २, |
| ३. | ऐ.ऐ. ५९७ वर्ग फिटको फ्ल्याट नं.३ , |
| ४. | ऐ.ऐ.पहिलो तलाको ६८१ वर्ग फिटको फ्ल्याट नं. २ |
| ५. | ऐ.ऐ. दोस्रो तलाको ६८१ वर्ग फिटको फ्ल्याट नं.२ |

**लिलाम बोलपत्र सम्बन्धी शर्तहरु:**

१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको शाखा कार्यालय पुतलीसडक बाट रु. १,०००।०० (रु. एक हजार मात्र) तिरि (पछि फिर्ता नहुने गरि) प्राप्त गर्न सकिनेछ । फोटोकपि गरिएको फारम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तिय संस्थाले लिन सक्नेछ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको शाखा कार्यालय पुतलीसडकमा कार्यालय समयभित्र प्राप्त भई सक्नुपर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको शाखा कार्यालय, पुतलीसडकमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिमा वा सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. माथि उल्लेखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नु परेमा लिलाम बोलपत्र पेश गर्न अगावै समृद्धि फाइनान्सको शाखा कार्यालय पुतलीसडक स्थित कर्जा असूलि विभागमा सम्पर्क राखि निरिक्षण गर्न सकिनेछ ।
५. बोलपत्रमा आफूले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक र अक्षरमा स्पष्ट रुपमा लेखि आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम समेत जम्मा गरेको भौचर शिलबन्दी बोलपत्र भित्र संलग्न राखी पेश गर्नु पर्नेछ । यस्तो धरौटी रकममा ब्याज उपलब्ध गराइने छैन ।
६. म्याद नाघी वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएको जानकारी पाई सम्झौता गरेको मितिले १५ दिन भित्र बोलपत्रदाताले आफूले कबोल गरेको सम्पूर्ण रकम नगद जम्मा भुक्तानी गर्नु पर्नेछ ।
८. अन्य शर्तहरु लिलाम बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरु यसै सूचनाको अभिन्न अंग मानिनेछ ।

**लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/०३/२३ दिनको ३:०० बजे ।**
**लिलाम शिलबन्दी बोलपत्र खोलिने मिति : २०८१/०३/२३ दिनको ३:०० बजे पछि ।**
**बोलपत्र खोलिने स्थान : संस्थाका शाखा कार्यालय, पुतलीसडक, काठमाण्डौं ।**
**सम्पर्क फोन नं.: ०१-५३१८८३८, ०१-५३१२०९९**

**मोलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**प्राप्चा, ओखलढुंगा**

**बोलपत्र रद्द गरिएको सूचना**

***सूचना प्रकाशित मिति:- २०८१।०३।१६***

यस मोलुङ गाउँपालिकाको कार्यालयले तपसिल बमोजिमको कार्यको लागि मिति २०८१।०१।२० गतेका दिन खुल्ला बोलपत्र आह्वान सम्बन्धि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा (२३) को उपदफा (२) को खण्ड (घ) बमोजिम सम्पूर्ण बोलपत्रदाताहरु सारभूतरुपमा प्रभावग्राही नभएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा (२६) को उपदफा (१) को खण्ड (क) बमोजिम यस कार्यालयको मिति २०८१।०३।१४ गतेको निर्णय अनुसार बोलपत्र रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कार्यको विवरण | कैफियत |
|---|---|---|---|
| 1 | MOLUNG.RM.NCB.PLE.08/080/081 | Procurement, Supply, Installation and Commissioning of Laboratory Equipments | |

**प्रमुख प्रशासकीय अधिकृत**

CMYK